जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २५० पृष्ठः ४ | २०८२ माघ १३ मंगलबार (Tuesday 27 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## युवा शिक्षकहरूको माग : शिक्षामा भइरहेको राजनीतिकरण अन्त्य गरियोस्



**जीवछ यादव**

लहान, १२ माघ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै शिक्षामा भइरहेको राजनीतिकरण अन्त्य हुनुपर्ने माग युवा पुस्ताका शिक्षकहरूले अघि सारेका छन्। उनीहरूले हरेक राजनीतिक दलको चुनावी घोषणापत्रमा यस विषयलाई प्राथमिकताका साथ समेटिनुपर्ने धारणा व्यक्त गरेका छन्। स्थानीय सरकारले विद्यालय हाताभित्र समेत राजनीतिक हस्तक्षेप बढाउँदै गएको भन्दै यसको अन्त्य अनिवार्य रहेको शिक्षकहरूको जोडदार माग छ। संविधानको मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षा अधिकारको व्यवस्था भएअनुसार शिक्षालाई स्थानीय सरकारको मातहतमा राखिएपछि राजनीतिकरण झनै बढेको अधिकांश शिक्षकहरूको गुनासो छ।

अन्य निजामती कर्मचारीका लागि मासिक तलब, बढुवा लगायतका विषयमा ऐन बनेर सहज वातावरण सिर्जना भए पनि शिक्षालाई सही दिशा दिने शिक्षा ऐन अहिलेसम्म नआउनु दुःखद भएको शिक्षकहरूको भनाइ छ। संविधानमा व्यवस्था भएअनुसार शिक्षा क्षेत्रले अपेक्षित प्रगति गर्न नसक्नुमा स्थानीय सरकारको संकीर्ण सोच र दलीय दबाब जिम्मेवार रहेको बरियारपट्टी गाउँपालिका-स्थित श्री जनता आधारभूत विद्यालय कचनारीका प्रधानाध्यापक रामसुफल यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "जनप्रतिनिधि र विद्यालय व्यवस्थापन समितिको दबाबका कारण शिक्षकहरूले उच्च मनोबलका साथ काम गर्न सक्ने वातावरण छैन। यी स्थानीय समस्या घोषणापत्रमै समेटिन आवश्यक छ।"

समाजवाद उन्मुख संविधानअनुसार शिक्षामा देखिएको विभेद अन्त्य गर्दै पाठ्यपुस्तकको एकरूपता र सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधारका लागि स्थानीय तहले कम्तीमा २० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने विषय घोषणापत्रमा समावेश हुनुपर्ने लहान-११ स्थित श्री जनता माध्यमिक विद्यालय पिडरबोनीका प्रधानाध्यापक वीरेन्द्र यादवको सुझाव छ। उहाँका अनुसार शिक्षामा देखिएको माफियाकरण, राजनीतिक संरक्षण र पूर्वाग्रही सरुवाका गतिविधिले सामुदायिक विद्यालयमा कार्यरत योग्य तथा दक्ष शिक्षकहरूले अनुकूल वातावरण पाउन सकेका छैनन्। "शिक्षालाई स्थानीय तहबाट हटाएर संघीय सरकारकै मातहतमा राख्नु श्रेयस्कर हुनेछ। विद्यालय व्यवस्थापन समितिको भूमिका अधिकांश विद्यालयमा हितकर देखिएको छैन," उहाँले भन्नुभयो।

**-बाँकी दुई पेजमा**

## पाठेघरको मुखको क्यान्सरविरुद्ध सिरहामा 'एचपिभी' खोप अभियान



**मणिलाल विश्वकर्मा**

लहान, १२ माघ। महिलामा हुने पाठेघरको मुखको क्यान्सर जोखिम घटाउन किशोरीहरूलाई लक्षित गर्दै ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप अभियान संचालन गरिने भएको छ। खोप अभियानका लागि सिराहाको लहानमा सोमबार पालिकास्तरीय खोप समन्वय समितिद्वारा अभिमुखीकरण कार्यक्रम गरिएको छ। अभिमुखीकरणमा एचपिभी खोपसम्बन्धी अभियानको पहिलो चरणमा जिल्लाका १७ मध्ये आठवटा पालिकामा २५ माघदेखि २ फागुनसम्म सञ्चालन गरिने स्वास्थ्य कार्यालय सिराहाकी खोप सुपरभाइजर निरीक्षक सुनिता कँडेलले जानकारी दिइन्।

कँडेलका अनुसार दोस्रो चरणमा आगामी ४ फागुनदेखि १० गतेसम्म बाँकी नौवटा पालिकामा खोप अभियान संचालन गरिनेछ। नेपाल सरकारको मापदण्डअनुसार नियमित खोप अभियानअन्तर्गत पछिल्लो वर्ष जिल्लाभर करिब नौ प्रतिशत किशोरी छुटेका थिए। यो पटक ती सबैलाई समेट्ने गरी सामुदायिक र संस्थागत विद्यालय, त्यसमा छुटेकाको लागि नियमित खोप केन्द्र र त्यहाँ पनि छुटेकाहरुलाई सम्बन्धित स्वास्थ्य संस्थामा खोप लगाइने योजना रहेको उनले बताइन्।

लहान नगरपालिका स्वास्थ्य शाखाका प्रमुख सिअहेव अधिकृत बिन्देश्वर चौधरीका अनुसार खोप अभियानको मुख्य लक्षित समूह सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गरिरहेका

**-बाँकी तीन पेजमा**

## अस्पतालमा राखिएको शव अर्कैले लिएर अन्त्येष्टि गरेपछि...




सिरहा, १२ माघ। लहानस्थित प्रादेशिक अस्पतालमा परीक्षणका लागि राखिएको शव लिएर अर्कैले अन्त्येष्टि गरिएको छ। जिल्लाको गोलबजार नगरपालिका-३ जम्दहकी १६ वर्षीया निशा बानियाँको शव अस्पतालबाटै अर्कै परिवारले लिएर अन्त्येष्टि गरेको हो। गत शनिबार आत्महत्या गरेको भनिएकी बानियाँको शव 'पोष्टमार्टम'का लागि प्रादेशिक अस्पतालमा राखिएको थियो, तर अस्पतालले अर्कै परिवारलाई शव बुझायो। रोजगारीको सिलसिलामा विगत दुई वर्षदेखि भारतको मुम्बईमा रहेका मृतकका आमाबुवा छोरीको मृत्युको खबर सुनेलगत्तै नेपाल फर्किए। सोमबार

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सूरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन।**
**यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## बाध्यतामात्र होइन रहेछ वैदेशिक रोजगारी

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि म्यादी निर्वाचन प्रहरी भर्ना गर्न निवेदन मागिएको भए पनि कतिपय जिल्लामा पर्याप्त संख्यामा दर्खास्त परेन। फलस्वरूप, दरखास्त दिने म्याद बढाउनु परेको थियो। यसले नेपालको बेरोजगारी र वैदेशिक रोजगारसम्बन्धी अहिले चलाइएको भाष्यमा पुनर्विचार गर्नु आवश्यक देखिएको छ। म्यादी प्रहरीका लागि कोसी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लामा दर्खास्त कम परेपछि म्याद थप गरिएको थियो। पागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सुरक्षा प्रयोजनका लागि नेपाल प्रहरीमार्फत १ लाख ३३ हजार ९ सय ८० र सशस्त्र प्रहरीमार्फत १५ हजार १ सय १० जना निर्वाचन प्रहरी भर्ना गरिनेछ।

अहिले सामान्यतः देशमा रोजगारीको अवसर नभएकाले युवा जमात बाध्यतावश वैदेशिक रोजगारीका लागि गएको धारणा नीति निर्मातादेखि राजनीतिक नेतृत्वसम्मले व्यक्त गरिरहेको पाइन्छ। तर, म्यादी प्रहरीमा इच्छुक योग्य उमेदवारको संख्या नपुग्दा वैदेशिक रोजगारी बाध्यताभन्दा बढी रोजाइ रहेकोतर्फ संकेत गरेको देखिन्छ। कम्तीमा नीति निर्माताले यसतर्फ ध्यान दिनु उचित हुनेछ। अहिले पनि म्यादी प्रहरीमा भर्ना हुन छाडेर यही उमेर समूहका (१८ वर्ष पुगेको र ५४ वर्ष ननाघेको) व्यक्तिहरू दिनहुँ वैदेशिक रोजगारीका लागि विदेश गइरहेका देखिन्छन्। म्यादी प्रहरीको निवेदन कम परेका जिल्लाबाट समेत वैदेशिक रोजगारीमा जानेको संख्या भने सम्भवतः घटेको छैन। सही नीति निर्माणका लागि यस प्रवृत्तिको गम्भीर अध्ययन गरिनुपर्छ।

कतिपय दुर्गम गाउँका खेतबारी बाँझै छन्। स्थानीय तहलगायतले कृषिमा अनुदान खन्याएको भए पनि सदुपयोग हुनसकेको छैन। काम गर्न सक्ने उमेर समूहको जनसंख्या भने चर्को ब्याजमा रिन काडेर दलालमार्फत् भए पनि वैदेशिक रोजगारीमा जान मरिहत्ते गरिरहेका छन्। यही बसेर परिश्रम गर्नेहरूले विदेशमा पसिना बगाउनेले भन्दा बढी कमाएका उदाहरणहरू पनि भेटिन्छ। यस्तै, वैदेशिक रोजगारीका लागि जानेहरूमध्ये अधिकांश अदक्ष वा अर्धदक्ष कामदार हुन्। तिनको हातमा सीप छैन। तिनले विदेशमा प्रायः अस्वस्थकर, कठिन र जोखिमपूर्ण काम गर्नुपर्छ। भौतिक संरचना निर्माणका अधिकांश परियोजना श्रमिकको अभावले गर्दा अलपत्र परेका छन्। कतिपय निर्माण स्थलमा विदेशी कामदार देखिन्छन्। तैपनि, नेपालमा काम गर्न छाडेर वैदेशिक रोजगारमा जान मरिहत्ते गर्नुलाई बाध्यतामात्र हो भन्न मिल्दैन।

निर्वाचन घोषणापत्र लेख्ने क्रममा राजनीतिक दलहरूले बाध्यता र रहरको मिश्रण देखिने यस प्रवृत्तिको सम्बोधन कसरी गर्ने भन्ने विषयमा गम्भीर भए भने आउने दिनहरूमा वैदेशिक रोजगारको भाष्य बदल्नुपर्ने हुनसक्छ। सस्तो भावनात्मक दोहन गर्ने होइन कटु यथार्थ स्वीकार गर्दै वैदेशिक रोजगारीको विश्वव्यापी प्रवृत्ति र त्यसले ल्याएको परिवर्तनको लाभलागतको विश्लेषण नगरी निकालिएको निष्कर्ष उटपट्याङ पाखण्डमात्र सिद्ध हुनेछ।

# योग्य, उम्मेदवार र राम्रो पार्टीलाई समेत जनताले किन भोट दिँदैनन् ?

**विश्वदीप तिगेला**

राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टीलाई पनि किन नेपाली जनताले भोट दिँदैनन् ? किनकि नेपालीहरूले मतदान गर्दा विभिन्न मापदण्डहरूलाई आधार बनाउने गरेको पाइन्छ। आफ्नो राजनीतिक पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोताका उम्मेदवारलाई समर्थन गर्ने प्रवृत्ति, विगतमा अप्ठ्यारो परेको समयमा कसले सहयोग गऱ्यो भन्ने आधारमा गुण फर्काउने सोच, आफ्नो शत्रुको ठीकविपरीत उम्मेदवारलाई भोट दिने व्यवहार, आफू वा आफ्ना परिवारका सदस्यलाई कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन सक्छ, भोलि अप्ठ्यारो पर्दा कसले सहयोग गर्न सक्छ भन्ने आशा, तथा साथीसंगीको प्रभावमा परेर पनि मतदान गर्ने गर्दछन्।

फ्रान्सका पूर्वसम्राट नेपोलियन बोनापार्टले भनेका थिए– मानिसहरू ठुला नीति होइन, साना प्रतीक, सम्मान, भावनात्मक कुरा र भुटा आश्वासनमा सजिलै आकर्षित हुन्छन्। त्यस्तै बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले पनि भनेका छन धेरै मतदाताले नीति, योग्यता र दीर्घकालीन प्रभावभन्दा पनि नारा, जात, धर्म, क्षेत्र, क्षणिक फाइदालाई प्राथमिकता दिन्छन्। यी दुई भनाइसँग मिल्दोजुल्दो प्रवृत्ति नेपाली समाजमा पाइन्छ। अझ थप विकृति पनि छ, त्यो भनेको पैसा दिने र भोट दिनुपर्छ भनी कसम खुवाउने, तामा छुवाउने, वा मासु–रक्सी जसले खुवाउँछ, त्यही व्यक्तिलाई भोट दिने प्रवृत्ति।

राजनीतिक पार्टीसँग आबद्ध नभएका व्यक्ति जो आफैँमा सक्षम छन्, कसैको निगाह र सहयोग नचाहिने अवस्थाका व्यक्तिले भने पार्टी र उम्मेदवारको घोषणापत्र तथा नीतिको आधारमा मतदान गर्ने गरेको पाइन्छ। त्यस्ता व्यक्तिले सधैँ एउटै पार्टी भनिरहँदैनन्, राम्रा व्यक्ति र पार्टीलाई मतदान गर्ने गर्दछन्। त्यस्ता व्यक्ति तथा परिवार सहरी क्षेत्रमा बढिरहेका हुन्छन्, तर यी वर्गका मतदाताहरू कुल मतदाताहरूमध्य कति प्रतिशत छन्, यकिन गर्न गाह्रो छ। नेपाली समाज जातको नाममा विभाजित छ, धर्मको नाममा विभाजित छ, भौगोलिक क्षेत्रीयताको नाममा विभाजित छ, धनी गरिब वर्गीयताको नाममा विभाजित छ र लैङ्गिक हिसाबले पनि विभाजित छ, तर विशेषतः नयाँ पुस्ताहरूमा यी कुराहरूको प्रभाव छैन वा कम छ र शहरीया शिक्षित वर्गमा पनि कम भएको मान्न सकिन्छ। अझ गहिरिएर यी विषयहरूमा तल चर्चा गरौँ:

नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापित भएको लामो समय भइसक्दा पनि चुनावी परिणामहरू हेर्दा योग्यता, नैतिकता र दीर्घकालीन भिजन भएका उम्मेदवार तथा स्पष्ट नीति बोकेका राजनीतिक पार्टीहरू अपेक्षाकृत कमजोर देखिन्छन्। यसको सट्टा, पटक–पटक उही अनुहार र उही प्रवृत्ति दोहोरिएको देखिन्छ। यसले नेपाली समाज र राजनीतिक संस्कृतिभित्रको समस्याले गहिरो रूपमा जरा गाडेका केही यथार्थलाई उजागर गर्छ। नेपाली समाजमा राजनीतिप्रतिको विश्वास क्रमशः कमजोर बन्दै गएको छ। विगतमा गरिएका वाचा पूरा नहुनु, भ्रष्टाचारका घटना दोहोरिनु र सत्तामा पुगेपछि जनताको आवाज सुन्ने संस्कार कमजोर हुनुका कारण 'राम्रो मान्छे आए पनि केही बदलिँदैन' भन्ने सोच धेरैमा बसिसकेको छ। यस्तो निराशावादी मानसिकताले इमानदार र भिजनयुक्त उम्मेदवारलाई पनि भोट दिन नचाहने अवस्था सिर्जना गरेको छ।

अर्को महत्वपूर्ण कारण आर्थिक अवस्था हो। ठुलो संख्यामा जनता दैनिक जीवनयापनकै चिन्तामा छन्। दीर्घकालीन नीति, सुशासन र संरचनागत सुधारभन्दा तत्कालीन राहत, व्यक्तिगत सहयोग वा सानो फाइदाले मतदातालाई आकर्षित गरेको पाइन्छ। यसले राम्रो नीति बोकेका पार्टीहरूलाई कमजोर बनाउँछ, किनकि उनीहरूको एजेन्डा तुरुन्त देखिने लाभभन्दा भविष्यकेन्द्रित हुन्छ। नेपाली समाजमा जात, क्षेत्र, नातागोताको राजनीति अझै प्रभावशाली छ। धेरै मतदाताले उम्मेदवारको नैतिकता वा क्षमतालाई भन्दा पनि 'आफ्नो मान्छे' भन्ने आधारमा निर्णय गर्छन्। यसले योग्य भए पनि बाहिरबाट आएका, नयाँ सोच बोकेका वा परम्परागत सञ्जालमा नजोडिएका उम्मेदवारलाई घाटा पुऱ्याउँछ।

राजनीतिक शिक्षा र सूचनाको अभाव पनि ठुलो समस्या हो। धेरै मतदाताले पार्टीका घोषणापत्र पढ्ने, नीतिगत भिन्नता बुझ्ने वा उम्मेदवारको दीर्घकालीन दृष्टि विश्लेषण गर्ने अवसर वा बानी पाएका छैनन्। भावनात्मक भाषण, लोकप्रिय नारा र सामाजिक सञ्जालमा फैलिने गलत सूचनाले मतदाताको सोच सजिलै प्रभावित हुने गरेको छ। चुनावी प्रक्रियामा पैसाको प्रभाव बढ्दै जानुले नैतिक र सक्षम उम्मेदवारहरू झन् पछाडि पर्दै गएका छन्। ठुलो खर्च गरेर प्रचार गर्न सक्ने, प्रभावशाली सञ्जाल चलाउन सक्ने र शक्ति प्रदर्शन गर्न सक्ने उम्मेदवारहरू बढी देखिने भएकाले जनताको ध्यान पनि उनीहरूतर्फ नै जान्छ। राम्रो नीति र भिजन भए पनि प्रचार र स्रोतको अभावले त्यस्ता उम्मेदवार ओझेलमा पर्छन्।

अन्ततः राज्यका संस्थाहरू बलियो नहुनु र कानुनको प्रभावकारी कार्यान्वयन नहुनुले जनताको आशा कमजोर बनाएको छ। राम्रो नीति भएका पार्टीहरू पनि सत्तामा पुगेपछि संस्थागत बाधा, आन्तरिक राजनीति र पुरानै संरचनाका कारण अपेक्षित काम गर्न नसक्दा जनतामा 'नीति कागजमै सीमित हुन्छ' भन्ने धारणा बलियो भएको छ। यसरी हेर्दा, नेपाली जनताले राम्रो नैतिकता, राम्रो भिजन र राम्रो नीति भएका योग्य उम्मेदवार वा पार्टीलाई भोट नदिनु केवल चेतनाको कमी मात्र होइन, यो सामाजिक, आर्थिक र संस्थागत समस्याहरूको परिणाम हो। जबसम्म राजनीतिक शिक्षा, आर्थिक सुरक्षा र संस्थागत विश्वास बलियो हुँदैन, तबसम्म लोकतन्त्रमा गुणस्तरभन्दा पनि प्रभाव र पहुँच नै निर्णायक भइरहने देखिन्छ।

विभिन्न तहमा, क्षेत्रमा, पार्टी केन्द्रदेखि टोल कमिटीसम्म पार्टीको संगठन र सिन्डिकेटका कारण पनि मतदानमा निर्णायक भूमिका खेल्ने भएकोले लोकप्रिय, जनप्रिय नेता तथा राजनीतिक पार्टीलाई नैतिक समर्थन हुनसक्छ, तर मतदानको सहयोग प्राप्त नहुन सक्छ। तथापि सबैमा यो कुरा लागु हुँदैन। धेरै नेपालीले चुनावलाई राष्ट्रिय पर्वको रूपमा लिन्छन् र अन्य मुलुकको तुलनामा अत्यधिक नेपालीहरू मतदानमा सहभागी हुने गर्दछन्। पार्टीभित्र अवसरबाट वञ्चित पार्टीकै नेता कार्यकर्ताहरूले विद्रोह गर्ने, दलभित्र अन्तर्घात गर्ने, दलदलबिच साँठगाँठ गर्ने संस्कार भएकोले सधैँ योग्य, नैतिकवान उम्मेदवार र पार्टीलाई जनताले भोट दिँदैनन्। पछिल्लो समय नेपाली समाज पनि सोसल मिडियामा परनिर्भर भइदिँदा डिपस्टेट अर्थात् प्रभावशाली बाहिरिया मुलुकका विभिन्न निकायहरूको भूमिकाले ठुलो असर पर्ने गरेको देशविदेशको अभ्यासमा देखिन्छ। जस्तैः फेसबुक, एक्स, इन्स्टाग्राम, युट्युबहरू अमेरिकाद्वारा उत्पादित र नियन्त्रित सोसल मिडिया हुन्। सोसल मिडियाले कसको कुन कुरा कसलाई देखाउने, कुन कुरा लुकाउने आदि नियन्त्रण गर्ने भएकोले यसको प्रभाव ठुलो पर्ने देखिन्छ। डिपस्टेटहरूले स्वयं व्यक्तिलाई थाहै नदिई उसलाई एजेन्टको रूपमा काम लगाइरहेको हुन्छ।

यसर्थ राम्रा सक्षम नेता र राम्रा पार्टीहरूले पैसा बाँड्ने, सोसल मिडियामार्फत अफवाह फैलाउने आदि कार्यविरुद्ध सावधानी अपनाउँदै नयाँ परिवेशअनुसार तयारी गर्न आवश्यक देखिन्छ। सोसल मिडियाको प्रभावकै एक हिस्साको रूपमा गत भदौ २३–२४ को जेनजी विद्रोहलाई लिनुपर्दछ। चुनावको बखत बुझ्नपर्ने एक सवाल ससाना राजनीतिक पार्टीहरू विभाजित हुने र दलबदल बढी हुने भएकोले मत संख्या थपिने वा भोट स्विङ हुने गर्दछ, र त्यही स्विङ भोटले मतपरिणाम अनपेक्षित बनाउन सक्दछ। त्यसैले, त्यस्ता दल वा समूहको साथ लिन सक्नुले परिणाम निर्णायक हुन सक्दछ। अन्त्यमा, राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टी हुँदैमा, राम्रो काम गरेको प्रभाव भएको व्यक्तिलाई आँखा चिम्लेर जनताले भोट हाल्नेछन् भन्ने बुझ्नु सही होइन। भोट एक, प्रभाव अनेकबाट प्रभावित भई मतदान गर्ने गर्दछन्।

समय परिवर्तनशील छ, नयाँ पुस्तालाई राजनीतिप्रति चासो छैन, उनीहरूमा वितृष्णा छ भन्दै गर्दा जेनजी विद्रोहले सबैलाई झस्काएको छ, आँखा खोलिदिएको छ। योग्य, नैतिकवान उम्मेदवार र राम्रो नीति भएको पार्टीलाई जनताले भोट दिँदैनन् भन्ने होइन, तर भोट दिने नेपालीहरूको मापदण्डहरूः पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोता, अप्ठ्यारो परेको समयमा कसले सहयोग गऱ्यो भन्ने आधार, आफ्नो शत्रुको ठीकविपरीत धारमा उभिने प्रवृत्ति, कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन्छ, भोलि जेलनेल पक्राउ पर्दा कसले सहयोग गर्न सक्दछ भन्ने आडभरोसा, छरछिमेक वरपर साथीसंगीको प्रभावका कारण मतदान गर्ने गर्दछन्।

अझ पैसाले भोट किन्ने विकृतिले पैसा खर्च गर्ने उम्मेदवारले जित्ने र राम्रो र योग्य पराजित हुने गर्दछन्। उम्मेदवार र राजनीतिक पार्टीले चुनाव जित्न साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर चुनावमा होमिँदा अनपेक्षित खर्च हुने कारण कतिको घरव्यवहार बिग्रने, उठिबास हुने आदि घटनाहरू भएकाले त्यसरी होमिँदै गर्दा उम्मेदवारले आम नेपालीहरूको मतदान गर्ने मापदण्डलाई पनि समयमै ख्याल गर्नु वाञ्छनीय हुन्छ। लोकतन्त्रमा योग्य उम्मेदवार हार्नुको मुख्य कारण उम्मेदवार कमजोर हुनु होइन, मतदाताको निर्णय भावना र स्वार्थद्वारा निर्देशित हुनु हो।

## युवा शिक्षकहरूको...

स्थानीय तहमा देखिएका विवादका कारण कतिपय पालिकामा शिक्षकहरूले छ महिनासम्म तलब नपाउने अवस्था रहेको छ। संस्थागत र सामुदायिक विद्यालयबीच बढ्दो दूरीका कारण सामुदायिक विद्यालयमा विपन्न र दलित समुदायका बालबालिका मात्रै भर्ना हुने प्रवृत्ति बढ्दै गएको र गुणस्तरीय शिक्षाका लागि अनुकूल वातावरण नबनेको शिक्षकहरूको ठम्याइ छ। नवराजपुर गाउँपालिका–५ स्थित दिव्य ज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक रामसुफल सदायका अनुसार शिक्षामा भइरहेको राजनीतिकरण अन्त्य हुने गरी घोषणापत्र ल्याएर स्थानीय शिक्षकहरूको भावना र चाहनाको सम्बोधन आवश्यक छ। उहाँले भन्नुभयो, "'पढ्दै कमाउँदै' कार्यक्रमको विस्तार, पाठ्यपुस्तकको एकरूपता, शिक्षकलाई उच्च मनोबलका साथ काम गर्न सक्ने वातावरण र सामुदायिक विद्यालयको स्तरीयकरण गर्दै निजी विद्यालय १० प्रतिशतसम्म मात्रै खोल्न दिने नीति आवश्यक छ" दुई किसिमका नागरिक उत्पादन गर्ने शिक्षाले समाजमा विभेद बढाएको उहाँको निष्कर्ष छ।

विद्यालय हाताभित्र विभिन्न प्रकारका शिक्षक रहेकाले सबैलाई स्थायी गर्दै आवश्यक तालिम प्रदान गरी सामुदायिक विद्यालयप्रति विश्वास जगाउनुपर्ने राहत शिक्षकहरूको माग समेत घोषणापत्रमा समेटिनुपर्ने राहत शिक्षक समिति मधेश प्रदेशका अध्यक्ष गंगा यादवले बताउनुभयो। यसैगरी विद्यालय कर्मचारी र बालविकास शिक्षिकाहरूले पनि विद्यालयलाई राजनीतिबाट मुक्त गरी उच्च मनोबलका साथ काम गर्न सक्ने वातावरण बनाउनुपर्ने माग अघि सारेको बालविकास शिक्षक लहान नगरपालिकाकी अध्यक्ष रुचिका गुप्ताले बताउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकार को हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# नजिकबाट मधेश पढ्न र बुझ्न म आएको हुँ : कांग्रेस सभापति थापा

**श्रवण थापा**

सर्लाही, १२ माघ। नेपाली कांग्रेसका सभापति गगन थापाले आफू मधेश पढ्न र बुझ्न आएको बताएका छन्। सोमबार सर्लाही निर्वाचन क्षेत्र नम्बर-४, का मतदातालाई सम्बोधन गर्दै सभापति थापाले आफूले सुनेको मधेश पढ्न र बुझ्न आएको बताए। सिमरा विमान स्थलबाट आर्ले पछि ठाउँ ठाउँमा मधेशका साथिहरुले स्वागत गरेर देखाएको मायाले आफूलाई निकै उत्साहित बनाएको सभापति थापाले बताए।

आफू नेपाली कांग्रेसको कार्यकर्ता भएको हैसियतले मधेशले काँग्रेस र लोकतन्त्रका लागि लगाएको गुण आफूले पढेर जानेको उनको भनाई थियो। केही समय पहिला सम्म सिराहा, सप्तरी, सर्लाहीबाट शिक्षक नगए पहाडी क्षेत्रमा गणित र विज्ञान पढाउने शिक्षक नहुने अवस्थाबाट मधेशमा कसरी शिक्षाको अवस्था यस्तो भयो भनेर प्रश्न समेत गरे। यस पहिला आफूले मधेशको प्रश्नमात्र बुझेको भन्दै उहाँले यस पटक जवाफ खोज्ने समेत दावी गरे।

"आफू मधेश पढ्न र सिक्न आएको हो। अब म यहाँको भाषा, रहनसहन, भेषभुषा, संस्कार संस्कृति सबै पढ्छु र सिक्छु। केही नेता साथिहरुले एक लाइन भएपनि स्थानीय भाषामा सम्बोधन गरिदिन भन्नु भएको थियो।" उहाँले भन्नु भयो, "म दुई दिनको चटक देखाउन आएको हैन। त्यसैले सबै सिक्छु अनिमात्रै बोल्छु, कसैले लेखेको लाइन म बोल्दिनँ भनिदिए।" सभापति थापाले यहाँका कुनै मतदाताले आफूलाई मत दिएर पछुतो मान्नुपर्ने अवस्था नआउने दावा गरे।

हचुवाको भरमा आफ्ना क्षेत्रका मतदातालाई आश्वासन नबढ्ने भन्दै उनले आफ्ना विज्ञ समुह क्षेत्रको बस्तु स्थिति बुझ्ने कार्यमा खटिएको बताए। उक्त टिमले दिएको रिपोर्ट अनुसार यहाँका जनताको लागि प्रतिवद्धता जाहेर गर्ने उनको भनाई थियो। आफूले हुलाकी राजमार्गको यात्रा गर्दैगर्दा मधेशमा प्रसस्त सम्भावना देखेको भन्दै, यति धेरै सम्भावना भएका ठाउँहरूका नागरिक बेरोजगारी समस्यामा किन विदेशिन बाध्य छन्, भनेर थाहा पाएको सभापति थापाको भनाई छ।



काठमाडौँ-४ नम्बर क्षेत्रबाट प्रतिनिधि भएर मधेशका सवालहरू संसद्मा धेरै पटक उठाएको भन्दै उहाँले यस पटक मधेश र मधेशका सवाल नजिकबाट बुझ यहाँबाट उम्मेदवारी दिएको उल्लेख गरे। एक पटक भएपनि मधेश प्रति समर्पित नभई, मधेशमा आफू र आफूमा मधेश नल्याई सम्पूर्ण रुपमा नेपाली हुन नसक्ने ठानेर आफू मधेश झरेको उन्ले स्पष्ट पारे। सभापति थापाले आसन्न प्रतिनिधि सभा निर्वाचनको लागि सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिएका छन्। उम्मेदवारी दर्ता पछि मतदाता भेट्न सभापति थापा सोमबार बिहान १०:४५ मा हवाई मार्ग भएर सिमरा ओर्लीएर आफ्नो क्षेत्र आइपुगेका हुन। त्यसपछि उहाँ स्थानीय नेता तथा कार्यकर्ताको बाक्लो उपस्थिति सहित सर्लाही आइपुगेका थिए। सभापति थापालाई सर्लाहीको बागमतीमा स्थानीय नेता तथा कार्यकर्ताहरूले भव्य स्वागत गरेका छन्। त्यसपछि नयारोड हुँदै जिल्लाको ४ नम्बर क्षेत्र झरेका उन्ले बरहथवा नगरपालिका-९, स्थित मुक्तेश्वर महादेव मन्दिर दर्शन गरे। त्यसपछि स्थानीय मतदाता सँग भेटघाट गर्दै उहाँ ४ नम्बर निर्वाचन क्षेत्रको क्षेत्रिय कार्यालय पुगेका थिए।

कार्यालय अगाडि उभिएर सभापति थापाले आफ्नो नेता, कार्यकर्ता तथा मतदातालाई १५ मिनेट लामो सम्बोधन गरे। आफू पदिय जिम्मेवारीमा भएपनि काँग्रेसको कार्यकर्ता रहेको भन्दै यहाँका नागरिकको सेवक हुन चाहेको उनको भनाई थियो। सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिएका सभापति थापा मतदाता सँग भेट्न सर्लाही आएका हुन्। आफ्नो निर्वाचन क्षेत्र काठमाडौँ-४, छाडेर सर्लाहीको-४, आइपुगेका उन्को उम्मेदवारीलाई विषेश महत्वका साथ हेरिएको छ। सभापति थापाले मनोनयन पत्र काँग्रेसका प्रदेश सभा सदस्य विरेन्द्र सिंहको वारेसमा दर्ता गराएका थिए। सुरुमा मनोनयन दर्ताको लागि थापा स्वयम उपस्थिती हुने चर्चा गरिएको भएपनि अन्तिमा उनी उपस्थित हुन सकेन्न।

यता यस क्षेत्रका निवर्तमान सांसद अमरेश कुमार सिंह यस पटक राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका छन्। काँग्रेसी राजनीति सँग चिरपरिचित सिंह काँग्रेस उम्मेदवार सँग दोस्रो पटक मैदानमा उत्रिदै छन्। २०७९ को चुनावमा सिंहले स्वतन्त्र उम्मेदवारी दिएर विजयी भएका थिए। यस पहिलाको निर्वाचन भन्दा यस पटकको चुनावमा आफ्नो जनमत बढ्ने उनले दावी समेत गरे। यस पटक जसरी भएपनि आफू विजयी हुने सिंहको दावी छ। काँग्रसका उम्मेदवारले कसैगरी पनि जनमत बटुल्न नसके पछि सभापति आफै मैदानमा उत्रिएका सिंहले प्रतिकृया दिए। तत्कालिन सर्लाही क्षेत्र नम्बर ६ बाट दोस्रो संविधान सभा निर्वाचनमा मार्फत संसद यात्रा तय गरेका सिंह त्यसपछि यस क्षेत्रमा एक छत्र जनमत वटुल्न सफल भएका छन्।

२०७४ मा काँग्रेसबाट विजयी भएका उनले २०७९ मा स्वतन्त्र उम्मेदवारी दिएर विजयको माला पहिरिए। ०७४ मा सिंहले निकटतम प्रतिस्पर्धी राकेश कुमार मिश्रलाई १५३९ मत आन्तरले पराजित गरेका हुन। सिंहले त्यतिबेला नेपाली काँग्रेसबाट उम्मेदवारी दिएका थिए। यस निर्वाचनमा उनको पक्षमा २९ हजार ६७५ मत प्राप्त भएको थियो। भने, मिश्रले २८ हजार १३६ मत मात्र प्राप्त गरे। मिश्र तत्कालिन राष्ट्रिय जनता पार्टी नेपालबाट उम्मेदवारी दिएका थिए। यस क्षेत्रमा २०७४ मा ५९ हजार ३१२ मत सदर भएको थियो। क्षेत्र नम्बर ४ रास्वपाका उम्मेदवार सिंहको लागि सामान्य भएपछि सभापति थापाको लागि बिल्कुल नयाँ हुने छ। त्यसकार समेत यहाँको बस्तुिस्थिती बुझ्न सभापति थापालाई समय लाग्ने जानकारहरु बताउछन्।

यस क्षेत्रका नागरिकलाई अहिलेको चुनावले खासै नछोएपनि नेता तहमा निकै चर्चा हुन थालेको छ। चिया तथा भट्टी पसलहरुमा समेत आसन्न चुनावी गफले माहोल गरम बन्न थालेको छ। नेपाली काँग्रेसका सभापति थापाले सर्लाही झरेर उम्मेदवार सँगको भेटघाटलाई तीब्र बनाउने श्रोतको दावी छ। सिंहले २०७९ मा भने काँग्रेसबाट टिकट पाएन्न। त्यसपछि स्वतन्त्र उम्मेदवारी दर्ता गएका उनको जनमत केही घटेको थियो। तर, पनि उनलाई विजयी हुन फेरी पनि कसैले रोक्न सकेन। सिंहले स्वतन्त्र उम्मेदवारी दिदा समेत २० हजार १७ मत प्राप्त गरे। उनको निकट देखिएका नेपाली काँग्रेसका उम्मेदवार नागेन्द्र कुमारले १८ हजार २५३ मत मात्र प्राप्त गरे।

०७९ मा यस क्षेत्रमा ६९ हजार २८३ मत सदर भएको थियो। सिंह र नागेन्द्र कुमारको प्रतिस्पर्धालाई दिशा दिने मत भने सोही क्षेत्रका प्रभावशाली नेता शिवपुजन यादवको पकडमा देखिदै आएको छ। समय अनुकुल फरक फरक पार्टीमा देखिने यादव २०७४ मा बाढिएको थियो। तर, यो मत २०७९ मा भने, आफ्नै उम्मेदवारमा मधुमाला कुमारी यादव सँग थियो। मधुमाला सम्बन्धमा नेता यादवको छोरी हुनुहुन्छ। उहाँले समेत ०७९ मा स्वतन्त्र उम्मेदवारी दिएर १४ हजार ६२२ मत प्राप्त गर्नु भयो। यस पटक यस क्षेत्रको चुनावी माहोल केही फरक बनेको छ। नेकपा माओवादी केन्द्र हुँदै नेपाली कम्युनिष्टका नेता बनेका यादवले माग गरे अनुसार आफ्नो छोराको लागि टिकट नपाएपछि पार्टी परित्याग गरेका छन्।

यादवले नै नेकपा एमाले प्रवेश गरी टिकट लिएर छोरा रजनिश कुमार यादवलाई उम्मेदवार बनाएका छन्। त्यतिमात्र हैन यादवको छोरी मधुमाला कुमारी यसपटक पनि स्वतन्त्र उम्मेदवार बनेकी छिन्। यस घटना क्रमले समेत यहाँको निर्वाचन थप रोमान्चक बन्ने आंकलन गरिएको छ। यस क्षेत्रमा बहुजन एकता पार्टी(एकल चुनाव चिन्ह)मा हरिनन्दन कुमार रंजन, जनता समाजवादी पार्टीबाट रामेश्वर राय यादव, नेपाल कम्युनिष्ट पार्टी संयुक्तबाट राम नाथ प्रसाद साह, प्रगतिशील लोकतान्त्रीक पार्टीबाट रामचरित्र सहनी, जनमत पार्टीबाट राकेश कुमार मिश्र, नेपाली कम्युनिष्ट पार्टीबाट रजनिश राय, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रदिप कुमार झा, उज्यालो नेपाल पार्टीबाट पीताम्बर सिंह कुशवाहा, नेपाली काँग्रेसबाट गगन थापा, राष्ट्रिय मुक्ति पार्टीबाट उदय कान्त मिश्र, राष्ट्रिय स्वतन्त्र पार्टीबाट डाक्टर अमरेश कुमार सिंह, नेपाली कम्युनिष्ट पार्टी( एकिकृत माक्सवादी लेनिनवादी)बाट अमनिश कुमार यादव लगायतले उम्मेदवारी दिएका छन्। ३१२ मतदान स्थल तोकिएको यस जिल्लामा ६२८ मतदान केन्द्रबाट एक लाख २१ हजार १२ जना मतदाताले मतदान गर्ने भएका छन्।

## पाठेघरको मुखको ...

कक्षा ६ का छात्राहरु, विद्यालय बाहिर रहेका १० वर्षसम्मका किशोरीहरू हुन्। पछिल्लो वर्ष ११ देखि १४ वर्ष उमेर समूहका किशोरीहरु छुटेकाले योपटक उनीहरूलाई पनि खोप लगाइने उनले बताए। उनका अनुसार लहान नगर क्षेत्रमा गत वर्षको खोप अभियानमा दुई प्रतिशत छात्रा खोपबाट बञ्चित भएका थिए। पालिकास्तरीय खोप समन्वय समितिका संयोजक तथा नगर प्रमुख महेशप्रसाद चौधरीले महिलामा पाठेघरको मुखको क्यान्सरको जोखिम बढ्दै गएको चर्चा गर्दै यसको रोकथामका लागि संचालन गरिएको खोप अभियान सफल बनाउन सबैले सघाउनु पर्ने बताए।

नगरपालिकाको स्वास्थ्य शाखाले गत २१ पुसमा लहान २० र २१ का महिलाहरुका लागि संचालन गरेको 'प्रजनन् स्वास्थ्य रुग्णता एकीकृत स्क्रिनिङ् तथा व्यवस्थापन' शिविरमा १४० महिलाको पाठेघरको मुख परीक्षण गर्दा १० जनामा क्यान्सर फेला परेको थियो। शाखाका अनुसार त्यसअघि गत जेठ महिनामा वडा नम्बर १५ र १७ मा सञ्चालन गरिएको शिविरमा पाँच महिलामा प्रारम्भिक चरणको क्यान्सरको लक्षण भेटिएको थियो।

## अस्पतालमा राखिएको ...

बिहान छोरीको अन्तिम संस्कारका लागि शव लिन अस्पताल पुग्दा त्यहाँ शव फेला पारेनन्।

अस्पताल प्रशासनसँग बुझ्दा सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरीको शव परीक्षणका लागि अस्पतालमा राखिएको र ती किशोरीका परिवारले आइतबार झुक्किएर शव लिएको र सोही दिन अन्त्येष्टिसमेत गरिसकेको खुलेको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जित झाले शव राख्ने क्रममा 'कोडिङ' नगरिएका कारण कर्मचारीबाट गल्ती भएको स्वीकार गरेका छन्। उनले भने, "यो अस्पताल प्रशासनको गम्भीर लापर्बाही हो, यसको छानबिन गरी दोषीलाई कारबाही गर्नेछौँ।" छोरीको अन्तिम पटक मुख देख्नसमेत नपाएपछि मृतकका बुबा पूर्णबहादुर बानियाँ भावविह्वल भए छ। उनले भने, "छोरीलाई समयमै बचाउन सकिएन, सास हुँदा देख्न पनि पाइएन, कम्तीमा लास त हेर्न पाइएला कि भनेर अर्को देशबाट आयौँ तर अस्पतालको लापर्बाहीले त्यो पनि सम्भव भएन।"

शव हराएको विरोधमा आक्रोशित आफन्त र स्थानीयले इलाका प्रहरी कार्यालय गोलबजार घेराउ गर्नुका साथै लहान अस्पताल परिसरमा विरोध प्रदर्शन गरेका छन्। त्यसक्रममा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरी दोषीलाई कारबाही र न्यायको मागसमेत गरेका छन्। इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार पीडित परिवार, अस्पताल प्रशासन र सरोकार भएका पक्षबीच वार्ताको तयारी भइरहेको छ। प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ।

# बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई न्यानो कपडा वितरण

**विनय कर्ण**

सप्तरी, १२ माघ। नेपाली सेनाको राजविराजस्थित बरखगणले आफ्नो २४३औँ वार्षिकोत्सवको अवसरमा बहिरा तथा बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरुलाई भोजन गराई न्यानो कपडा वितरण गरेको छ। वार्षिकोत्सव मनाउने क्रममा बरखगणले राजविराज नगरपालिका वडा नम्बर ६ मा अवस्थित बहिरा बालक विद्यालयका ३२ जना विद्यार्थीहरुलाई भोजन गराउनुका साथै न्यानो कपडा वितरण गरेको हो। बरखगणका गणपति प्रमुख सेनानी सोवित बहादुर चन्दका अनुसार विद्यालयका २० जना बहिरा तथा १२ जना बौद्धिक अपाङ्ग विद्यार्थीलाई बरखगणको तर्फबाट भोजन गराइएको र सहिद परिवारको तर्फबाट न्यानो कपडास्वरूप ट्र्याकसुट प्रदान गरिएको हो। कार्यक्रममा बौद्धिक अपाङ्ग संघका केन्द्रीय सदस्य जगदीश अर्यालले नेपाली सेनाले अपाङ्ग विद्यार्थीका लागि गरेको मानवीय सहयोगप्रति आभार व्यक्त गर्दै धन्यवाद दिनुभयो। साथै यस्ता सामाजिक कार्यले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने उहाँको भनाइ थियो।

# सप्तरीमा १०२ उम्मेदवार, दलको टिकटमा सात महिला



**विनय कर्ण**

सप्तरी, १२ माघ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरीको चारवटा निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ सात जना महिला राजनीतिकदलको टिकट लिएर उम्मेदवार बन्नुभएको छ। जिल्लाको क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुष्पा चौधरी र नागरिक उन्नमुक्ति पार्टीबाट टिका लक्ष्मी चौधरी, क्षेत्र नम्बर २ मा नेपाल जनता पार्टीका तर्फबाट पूर्व सांसद रञ्जु कुमारी ठाकुर र नेपाल मजदुर किसान पार्टीबाट निलम कुमारी यादव, क्षेत्र नम्बर ४ मा नेपाली कम्युनिष्ट पार्टीबाट रुबी कुमारी कर्ण, जनता समाजवादी पार्टी नेपालबाट बबि सिंह यादव र आम जनता पार्टीबाट अनिता कुमारी चौधरी उम्मेदवार बन्नुभएको हो।

क्षेत्र नम्बर ३ मा भने कुनै राजनीतिक दलले महिलालाई उम्मेदवार बनाएनन्। प्रत्यक्षतर्फ १०२ जना उम्मेदवार मध्ये २० महिला चुनावी प्रतिस्पर्धामा होमिनुभएकोमा सातजना राजनीतिक दलबाट र बाँकी १३ जना स्वतन्त्र उम्मेदवारी दिनुभएको छ। क्षेत्र नम्बर १ बाट राम कुमारी खड्ग, रिजवाना खातुन र उम्दा देवी सदा स्वतन्त्र रुपमा उम्मेदवारी दिएर प्रतिस्पर्धामा उत्रिनुभएको छ। यस्तै क्षेत्र नम्बर २ बाट अम्बिका देवी साफी, शुशिला कुमारी साह र साधना दास स्वतन्त्रबाट चुनावी मैदानमा उत्रिनुभएको हो। क्षेत्र नम्बर ३ मा कौशल कुमारी चौधरी, रजियादेवी सदा, सरिता कुमारी यादव र कोशीला देवी पासमान स्वतन्त्र रुपमा उम्मेदवार बन्नुभएको हो। यस्तै क्षेत्र नम्बर ४ बाट स्वतन्त्र रुपमा प्रेम कुमारी महरा चुनावी मैदानमा प्रतिस्पर्धामा उत्रिनुभएको छ।

सप्तरीमा १०२ जना उम्मेदवारमध्ये सातजना महिला मात्र राजनीतिक दलको टिकटबाट उम्मेदवार बन्नु सरकारी नीतिमा कमजोरी भएको बताउनुहुन्छ मधेशी आयेगका सदस्य आभासेतु सिंह। उहाँले सरकारले प्रत्यक्षतर्फ महिलाहरुका लागि आरिक्षत सिट घोषणा नगरेसम्म राजनीतिक दलको प्राथमिकतामा महिला उम्मेदवार नपर्ने बताउनुभयो। "महिलासँग आर्थिक अभाव छ, आत्मविश्वासको पनि कमी छ र राजनीतिकदलको प्राथमिकतामा पनि महिला छैन" सिंहले भन्नुभयो। राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले महिला प्राथमिकतामा नपर्नु समावेशी र राजनीतिक दलको सिद्धान्त अनुकूल नभएको बताउनुभयो। उहाँले राजनीतिक दलहरु भित्र व्यक्तिवादी सोच हावी भएको कारण प्रत्यक्ष तर्फ महिलालाई उम्मेदवार नबनाएको तर्क गर्नुभयो।

सप्तरीमा २०४८ पछि भएको प्रतिनिधिसभा निर्वाचनमा २०५६ राप्रपा र २०६४ मा मधेशी जनाधिकार फोरम नेपाल हाल ( जसपा नेपाल) का नेता रेणु यादव चुनाव जित्ने एकमात्र महिला हुनुहुन्छ। यसअघि २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर १ बाट जसपा नेपालका नवल किशोर साह, २ बाट जनमत पार्टीका अध्यक्ष डा सिके राउत, ३ र ४ बाट नेपाली कांग्रेसका क्रमशः दिनेश कुमार यादव र तेजुलाल चौधरी गरी चारै जना पुरुष उम्मेदवारले चुनाव जित्नु भएको थियो। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा जिल्लाको चार वटै क्षेत्रमा गरी कुल चार लाख ४६ हजार चार सय दुई मतदाता छन्। जसमध्ये महिला मतदाताको संख्या दुई लाख १३ हजार दुई सय ८३ रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेश कुमार जोशीले जानकारी दिनुभयो।

# दलित अभियन्तादेखि राष्ट्रिय सभा सदस्यसम्म

रौतहट, १२ माघ। विगत ३५ वर्षदेखि दलित समुदायको हकअधिकारका क्षेत्रमा वकालत गर्दै आउनुभएका धर्मेन्द्र पासवान राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनुभएको छ। नेपाली कांग्रेसको तर्फबाट दलित 'क्लष्टर'बाट उम्मेदवारी दर्ता गराउनुभएका पासवान आइतबार सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा निर्वाचित हुनुभएको हो। उहाँले सात हजार ९०४ मतभार प्राप्त गर्नुभयो। उहाँका प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका रामनन्द प्रसादले एक हजार ३७६ जनता समाजवादी पार्टीकी चमेली देबी दासले २०९ मतभार प्राप्त गर्नुभयो।

निर्वाचित पासवानले नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनको तर्फबाट उम्मेदवारी दर्ता गराउनुभएको थियो। उहाँ लामो समयदेखि नेपाली कांग्रेसमा आबद्ध हुनुहुन्थ्यो। नेता पासवानले बाल्यकालदेखि नै समाजमा व्याप्त विभेद, अन्याय र बहिष्करण विरुद्ध आवाज उठाउँदै आउनुभएको थियो। रौतहट परोहा नगरपालिका-३ का पासवानले राजनीति शास्त्रमा स्नातक गर्नुभएको छ। साधारण परिवारमा जन्मिनु भएका पासवानले बाल्यकालमै दलित समुदायले भोग्दै आएको पीडा, अपमान र अवसरको अभाव नजिकबाट अनुभव गर्नुभएको थियो। यही अनुभवले पद र प्रतिष्ठाभन्दा माथि उठेर दलित हकअधिकार, सामाजिक न्याय र समावेशी लोकतन्त्रको स्थापनाका लागि निरन्तर आफूलाई संघर्षरत रहेको उहाँको भनाइ छ।

पासवानले विभिन्न गैरसरकारी संस्थामार्फत समाजसेवामा उल्लेखनीय योगदान पुऱ्याएबापत अन्तरराष्ट्रियस्तरका पुरस्कार प्राप्त गर्नुभएको छ। हाल उहाँ दलित संघको केन्द्रीय महासचिवको जिम्मेवारीमा पनि हुनुहुन्छ। दलित समुदायको हकअधिकारका लागि आफू निरन्तर संघर्षरत रहेपनि सोचे जस्तो उपलब्धि प्राप्त गर्न नसकेको उहाँको गुनासो छ। दलित समुदायको आर्थिक समाजिक विकासका लागि अझै पनि निस्वार्थ भएर लडिरहने उहाँको प्रतिबद्धता छ। पासवानले राष्ट्रिय सभामा गएर पनि दलित समुदायको उत्थानका लागि आवाज बुलन्द गर्ने प्रतिक्रिया दिनुभयो। "म दलितको मुद्दालाई राष्ट्रियसभा मार्फत उठाउनेछु", उहाँले भन्नुभयो, "दलित मुक्तिको आन्दोलनमा जहाँ रहेर भएपनि सधैँ मेरो सहभागिता, समर्थन रहनेछ।"

उहाँको जीवनशैली सरल, अनुशासित र जनमुखी रहेको नेपाली कांग्रेस मधेस प्रदेशका प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ताले बताउनुभयो। "आर्थिक रूपमा सामान्य पृष्ठभूमिबाट आउनुभएका पासवान विलासी जीवनभन्दा जनताको सेवामा रमाउने नेताका रूपमा चिनिनुहुन्छ,", गुप्ताले भन्नुभयो, "उच्च सोच, कम अपेक्षा र दृढ इमानदारी उहाँको पहिचान हो।"

# प्रतिबन्धित औषधी सहित एक जना पक्राउ

**प्रवीण कुमार शर्मा**

रौतहट, १२ माघ। रौतहटको गौर नगरपालिका-२ भन्सार बेरियरबाट सोमबार एक जना पक्राउ परेको छ। दिनको १:३० बजेको समयमा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर गौर र भन्सार सुरक्षा गार्डबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा एक जनालाई पक्राउ गरेको सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर गौरका सशस्त्र प्रहरी नायब उपरीक्षक प्रेम सागर बिष्टले जानकारी दिनुभयो।

पक्राउ पर्नेमा रौतहटको राजपुर नगरपालिका-६ का ३८ वर्षीय राम नारायण यादव हुनुहुन्छ। यादवलाई शङ्का लागि चेकजाँच गर्दा अन्दाजी ३७ हजार एक सय ४४ रुपियाँ बराबरको प्रतिबन्धित औषधीहरू फेला परेको हो। उहाँको साथबाट जेनेग्रा रेड दुई सय ४० ट्याबलेट, न्युरोबिन तीन सय ट्याबलेट लगायतका प्रतिबन्धित औषधि बरामद भएको सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर गौरका सशस्त्र प्रहरी नायब उपरीक्षक बिष्टले बताउनुभयो। यादवलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा पठाइएको उहाँले बताउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सप्तरी-२ मा चुनावी सरगर्मी बढ्दै

**सुधा देव**

सप्तरी, १२ माघ। सप्तरी क्षेत्र नं. २ प्रतिनिधिसभा निर्वाचनमा जिल्लाकै सबैभन्दा बढी चासोको विषय बनेको छ। बहुप्रतिस्पर्धी उम्मेदवारी र चर्चित नेताहरूको सहभागिताका कारण यस क्षेत्रमा चुनावी सरगर्मी तीव्र बन्दै गएको हो। यस क्षेत्रबाट जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउत, जनता समाजवादी पार्टीबाट पूर्व सिँचाइ मन्त्री उमेश यादव, नेपाल जनता पार्टीबाट पूर्व सांसद रञ्जुकुमारी ठाकुर, स्वाभिमान पार्टीबाट मधेस प्रदेशका पूर्व मुख्यमन्त्री सतिशकुमार सिंह, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामजी यादव, नेपाली कांग्रेसबाट रामकुमार यादव, नेकपा (एमाले) बाट मोहम्मद जियाउल रहमान, नेपाली कम्युनिस्ट पार्टीबाट सूर्यनाथ यादव (सुभाष) लगायत कुल ३४ जनाले उम्मेदवारी दिएका छन्।



उम्मेदवारी दिएका अधिकांश उम्मेदवारले आफ्नो जित सुनिश्चित भएको दाबी गरिरहेका छन्। तर स्थानीय मतदाताबिच भने जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जसपा नेपालका उम्मेदवार पूर्व मन्त्री उमेश यादव र राष्ट्रिय स्वतन्त्र पार्टीका रामजी यादवबिच कडा प्रतिस्पर्धा हुने र यी तीनमध्ये एक जनाले बाजी मार्ने चर्चा चल्न थालेको छ। गत निर्वाचनमा यसै क्षेत्रबाट जनमत पार्टीका अध्यक्ष डा. राउतले ३५ हजार ४२ मत प्राप्त गरी विजयी हुनुभएको थियो। उहाँका निकटतम प्रतिद्वन्द्वी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले १६ हजार ९७९ मत प्राप्त गर्नुभएको थियो। यसपटक उपेन्द्र यादव क्षेत्र नं. ३ बाट उम्मेदवार भए पनि जनमत पार्टीबाटै मधेस प्रदेशका पूर्व मुख्यमन्त्री रहनु भएका तथा पछि पार्टीबाट अलग भएर नयाँ दल गठन गरेका शरद सिंह यादवले सप्तरी क्षेत्र नं. २ बाट उम्मेदवारी दिएपछि यहाँको राजनीतिक चासो झनै बढेको स्थानीय मतदाता रमेश साहले बताउनुभयो।

जिल्लाको क्षेत्र नं. १ बाट नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, नेकपा (एमाले) का निवर्तमान पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेल, जनमत पार्टीका उपाध्यक्ष तथा प्रचार-प्रसार प्रमुख डा. जयकान्त राउतसहित २१ जनाले उम्मेदवारी दिएका छन्। यद्यपि नेपाली कांग्रेस, नेकपा (एमाले) र जनमत पार्टीका उम्मेदवारमध्ये एक जनाले बाजी मार्ने स्थानीय मतदाता ज्योति कुमारी दासको अनुमान छ। उम्मेदवारी दिएका रामदेव साह, डा. जयकान्त राउत र सुमनराज प्याकुरेलले भने आफ्नो जित सुनिश्चित रहेको दाबी गर्नुभएको छ। त्यस्तै सप्तरी क्षेत्र नं. ३ मा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव, नेपाली कांग्रेसका निवर्तमान सांसद दिनेश कुमार यादव, नेकपा (एमाले) बाट ताराकान्त चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट अमरकान्त चौधरी, जनमत पार्टीबाट सुरेन्द्र मधेशी लगायत २२ जनाले उम्मेदवारी दिएका छन्। स्थानीय मतदाता उमाकान्त चौधरीका अनुसार यीमध्ये पाँच जना उम्मेदवारबिच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ। उपेन्द्र यादवले भने यस क्षेत्रबाट आफू निर्वाचित हुनेमा ढुक्क रहेको बताउनुभएको छ।

यसैगरी क्षेत्र नं. ४ मा नेपाली कांग्रेसका निवर्तमान सांसद तेजुलाल चौधरी, जसपा नेपालबाट डा. बबी सिंह यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सिताराम साह, जनमत पार्टीबाट जितेन्द्र कुमार साह, नेपाली कम्युनिस्ट पार्टीबाट रूवी कर्णसहित २७ जनाले उम्मेदवारी दिएका छन्। यद्यपि तेजुलाल चौधरी, डा. बबी सिंह यादव र रूवी कर्णबीच कडा प्रतिस्पर्धा हुने स्थानीय मतदाता सुनिता चौधरीले बताउनुभयो। अधिकांश उम्मेदवारले भने आफ्नै जित हुने दाबी गरिरहेका छन्। हाल सप्तरी जिल्लामा ४ लाख ४६ हजार ४०२ जना मतदाता रहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)